# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६


प.सं.:
च.नं.:

मिति: ..................................

## करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१६)

देवचुली नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापन कार्य सम्बन्धमा जग्गा नाप नक्साङ्कन गर्नका लागि देहाय बमोजिमको पद र संख्यामा देहाय बमोजिमको योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र माग बमोजिमका विवरण र नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको सक्कलै रसिद सहित यस कार्यालयको प्रशासन शाखामा दरखास्त दिनुहुन सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. सेवा सम्बन्धि विवरण**

| क्र.सं. | विज्ञापन नं. | सेवा /समूह | तह | पद | माग संख्या |
|---|---|---|---|---|---|
| १ | १३-०७९/०८० | ईन्जि/सर्भे | पाँचौं | सर्वेक्षक | ९ |
| २ | १४-०७९/०८० | ईन्जि/सर्भे | चौथो | अमिन | १८ |

**२. आवश्यक न्युनतम शैक्षिक योग्यता**

- **सर्भेक्षकको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाण पत्र सरहको डिप्लोमा उत्तिर्ण वा विज्ञान (फिजिकल समूह ) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तिर्ण गरी कम्तिमा एक वर्ष जुनियर नापी तालिम प्राप्त गरेको ।
- **अमिनको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.इ.इ.तह वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा एक वर्ष तालिम प्राप्त गरेको ।

**३. दरखास्त दिने अन्तिम मिति** : मिति २०८०/०२/२२ गते कार्यालय समय भित्र

**४. उमेरको हद :** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गताको हकमा ४० वर्ष ननाघेको ।

**५. आवेदन शुल्क :** रु.५००।-

**६. छनौटको किसिम :** संक्षिप्त सूची प्रकाशन

**७. कर्मचारीको सेवा शर्त तथा तलब भत्ता** : नेपाल सरकारको नियमानुसार

**८. सम्पर्क मिति** : मिति २०८०/०२/२४

९. दरखास्त फारमका साथ संलग्न कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नागरिकता प्रमाण पत्र
ख. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र
ग. २ प्रति पासपोर्ट आकारको फोटो
घ. अनुभव भए सो पुष्टि हुने कागजात

..................
जिवलाल श्रेष्ठ
अधिकृतस्तर आठौं

नोट : दरखास्त फाराम नगरपालिकाको website www.devchulimun.gov.np मा उपलब्ध छ । अन्य जानकारीका लागि देवचुली नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।


इमेल: devchulimunicipality@gmail.com